# सिद्धलेक गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

बुङ्चुङ, धादिङ

बागमती प्रदेश, नेपाल

पत्र सङ्ख्याः २०८१/०८२

चलानी नं. ०२५४६०

सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङचुङ, धादिङ
बागमती प्रदेश, नेपाल

मिति : २०८१।१२।३१

विषय : प्रेस विज्ञप्ति ।

ज्ञान र सीपको ज्योति विद्यालयको कक्षाकोठावाट बालबालिकाहरुलाई राष्ट्र, राष्ट्रियता, विकास समृद्धी, समाज, विज्ञान, प्रविधि र समग्र वातावरण सम्बन्धि कुशल, ज्ञान र सीप प्रदान गरी कर्मठ, दक्ष, सवल, सक्षम , कुशल र निष्ठावान नागरिक उत्पादन गर्ने शिक्षकहरु यति बेला शिक्षा क्षेत्रमा समग्र गुणात्मक सुधार र पेशागत हक हितका लागि दर्जनौ मुद्दाको भारी वोकेर देशैभरवाट संघीय राजधानी केन्द्रीत आन्दोलनमा एकाकार भएका छन । लामो समयदेखि संघीय प्रतिनिधि सभामा प्रकृयामा रहेर जारि गर्नका लागि विलम्व भई रहेको शिक्षा विधेयक तत्काल जारी गर्नु पर्ने माग राख्दै नेपाल शिक्षक महसंघको नेतृत्वमा भएको अनिश्चितकालिन शिक्षा आन्दोलन प्रति सिद्धलेक गाउँपालिका प्रमुखको तर्फवाट ऐक्यवद्दता व्यक्त गर्दछु । शिक्षा विधेयकका मार्फत शिक्षकका पेशागत हक अधिकार, समान सेवा सुविधा र स्थायित्वको सुनिश्चितता वारेमा समयानुकूल ऐन, नीति, नियमहरु पारित गरेर शिक्षण पेशालाइ मर्यादित, गुणस्तरिय र समृद्ध वनाउनु पर्नेमा संसदमा दर्ता भएको शिक्षा विधेयक लाई नजर अन्दाज गरि अकस्मात संसद अधिवेशन अन्त्य गरिनुले राज्यले शिक्षा क्षेत्रलाई अवमूल्यन र अवहेलना गरेको प्रतित भई रहेको छ । संविधान जारी भएको एक दशक पुरा हुँदा पनि संविधान कार्यान्वयनको लागि विद्यालय शिक्षा ऐनको माग गर्दै शिक्षकहरु सडक आन्दोलनमा उत्रिनु पर्ने परिस्थिति निर्माण हुनु अत्यन्त दुःखद पक्ष हो । विद्यालय शिक्षा सम्वन्धि संवैधानिक प्रावधान र सरकारले गरेका सम्झौता एवं प्रतिद्धताहरुलाई कार्यान्वयन गर्दै समयानुकूल र वालवालिकाको हित अनुकूल हुने गरि विद्यालय शिक्षा ऐन जारी गर्नुहुन र सडकमा आफ्ना मागहरु राख्दै आन्दोलनमा उत्रिएका शिक्षकहरुलाई विद्यालयमा फर्कने वातावरण निर्माण गरिदिनुहुन नेपाल सरकार समक्ष हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद ।

परशुराम खतिवडा
गा.पा अध्यक्ष
परशुराम खतिवडा
अध्यक्ष



Scanned with CamScanner